**थलारा गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९ संख्याः२ मिति २०८२ साल असार २२ गते

## भाग -१

## थलारा गाउँपालिकाको आर्थिक ऐन, २०८२

गाउँ सभाबाट पारित मितिः २०८२/०३/१६

प्रमाणिकरण मितिः २०८२/०३/२२

**प्रस्तावनाः**

थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “थलारा गाउँपालिकाको आर्थिक ऐन, २०८२” रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि थलारा गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ।

(२) यस ऐन बमोजिम तिर्नुपर्ने घर कर चैत्र मसान्त भित्र दाखिला गरिसक्नुपर्नेछ।

(३) उपदफा २ बमोजिमको म्याद भित्र घर कर दाखिला नगरेका घरधनीले सोही आर्थिक बर्षको असार मसान्त सम्म उक्त कर बुझाएमा १० प्रतिशत जरिवाना तिर्नुपर्नेछ।

(४) विगत आर्थिक बर्षको घर कर दाखिला गर्न बाँकी घरधनीले यस आर्थिक बर्षको चैत्र मसान्त भित्र घर कर बुझाएमा विगत आर्थिक बर्षको हुन आउने घर करको थप २५ प्रतिशत जरिवाना समेत तिर्नुपर्नेछ।

३. **भूमि कर (मालपोत)**: (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(२) यस ऐन बमोजिम तिर्नुपर्ने भूमि(मालपोत) कर चैत्र मसान्त भित्र दाखिला गरिसक्नुपर्नेछ।

(३) उपदफा २ बमोजिमको म्याद भित्र भूमि(मालपोत) कर दाखिला नगरेका घरधनीले सोही आर्थिक बर्षको असार मसान्त सम्म उक्त कर बुझाएमा १० प्रतिशत जरिवाना तिर्नुपर्नेछ।

(४) विगत आर्थिक बर्षको भूमि(मालपोत) कर दाखिला गर्न बाँकी घरधनीले यस आर्थिक बर्षको चैत्र मसान्त भित्र भूमि(मालपोत) कर बुझाएमा विगत आर्थिक बर्षको हुन आउने भूमि(मालपोत) करको थप २५ प्रतिशत जरिवाना समेत तिर्नुपर्नेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः (१)** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा १ बमोजिमको व्यवसाय कर आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र व्यवसायीले दाखिला गरिसक्नुपर्नेछ।

(३) उपदफा २ मा तोकिएको समयमा व्यवसाय कर दाखिला नगर्ने व्यवसायीबाट म्याद नाघेको ९ महिना सम्म व्यवसाय करको २५% र ९ महिना नाघे पछि ५०% जरिवाना समेत असुल उपर गर्नुपर्नेछ।

(४) विगतमा अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायीले आर्थिक बर्ष २०८२।८३ को असोज महिना समान्त भित्र यस कार्यालयमा दर्ता गर्न चाहेमा दर्ता गर्नुपूर्वको व्यवसाय कर लाग्नेछैन।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कार्यपालिकाले तोके बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरे पछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत कार्यपालिकाले तोके बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि अनुसूची (१२) मा व्यवस्था भए बमोजिम हुनेछ। अन्य बिषयका हकमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले कार्यविधि वा मापदण्ड जारी गर्न सक्नेछ ।

अनुसूची - १
(ऐनको दफा २ सँग सम्बन्धित)

## सम्पति (घर) कर

| सि. न. | घरको विवरण | आ.व २०८२/०८३ का लागि | | कै. |
|---|---|---|---|---|
| | | आवशिय प्रयोजन | व्यवसाय प्रयोजन | |
| १. | ढुङ्गा माटोको जोडाई खरको छाप्रो | २० | ३० | |
| २. | ढुङ्गा माटोको जोडाइ २/३ तले खरको छाप्रो भएको घर | ३० | ३० | |
| ३. | ढुङ्गा माटोको जोडाइ टिनको छाप्रो | ४० | १०० | |
| ४. | ढुङ्गा माटोको जोडाइ २/३ तले टिन वा ढुङ्गाको छानो भएको बारतलि सहितको घर | ७० | १५० | |
| ५. | ढुङ्गा माटो सहितको सिमेन्ट पलाष्टर गरेको घर | ८० | १६० | |
| ६. | पिलर बिम सहितको टिनले छाएको बिना ढलानको घर | १०० | २०० | |
| ७. | पिलर बिम सहितको टिनले छाएको ढलान गरिएको घर | २०० | ३०० | |
| ८. | नक्सा पास निवेदन फाराम दस्तुर | २०० | ५०० | |

अनुसूची - २
(ऐनको दफा ३ सँग सम्बन्धित)

## भूमि कर/मालपोत कर

| सि.न | वर्ग | प्रति रोपनी सम्मको रकम (खेत) | प्रति रोपनी सम्मको रकम (पाखो) |
|---|---|---|---|
| १. | अब्बल | १५ | १२ |
| २. | दोयम | १२ | १० |
| ३. | सिम | १० | ७ |
| ४. | चाहार | ७ | ५ |

अनुसूची - ३
(ऐनको दफा ४ सँग सम्बन्धित)

## घर बहाल कर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | घर जग्गा वहाल कर | भाडाको १०% |

## अनुसूची - ४

(ऐनको दफा ५ सँग सम्बन्धित)

## व्यवसाय कर

| क्र.सं. | विवरण | | व्यवसाय कर |
|---|---|---|---|
| १ | व्यवसाय कर | १० लाख सम्म पुंजी लगानी | १००० |
| २ | | १० लाख देखि ५० लाख | २००० |
| ३ | | ५० लाख १ करोड | १०००० |
| ४ | | १ करोड भन्दा | १५००० |

## अनुसूची — ५

(ऐनको दफा ७ सँग सम्बन्धित)

## सवारी कर

| क्र.सं. | सवारी साधनको किसिम | वार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | तीन पाङ्ग्रे (रिक्सा) | ४०००.०० | |
| २ | ई-रिक्सा | ३०००.०० | |

## अनुसूची — ६

(ऐनको दफा ८ सँग सम्बन्धित)

## विज्ञापन कर

| क्र.सं. | प्रकार | वार्षिक कर रु. | कफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १०००.०० | |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | १०.०० | |
| ३ | पोल व्यानर | १००.०० | |
| ४ | साइनबोर्ड प्रति वर्ग फूट | २००.०० | |

## अनुसूची – ७
(ऐनको दफा ९ सँग सम्बन्धित)

### मनोरञ्जन कर

| क्र.सं. | शिर्षक | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जुम्बा, स्पा, मसाज (वार्षिक) | | ७000.00 | |
| २ | क्यासिनो (वार्षिक) | | २0000.00 | |
| ३ | दोहोरी साँझ, डान्स बार, क्लब (वार्षिक) | | १0000.00 | |
| ४ | बोटिङ्ग, र्‍याफ्टिङ (वार्षिक) | | ५000.00 | |
| ५ | सर्कस, खेलकुद महोत्सव, जात्रा, मेला, जादु, चटके | १ दिन सम्मको | १000.00 | |
| | | ३ दिन सम्मको | २000.00 | |
| | | ५ दिन सम्मको | ३000.00 | |
| | | ७ दिन सम्मको | ४000.00 | |
| | | ८ देखि १५ दिन सम्मको | ६000.00 | |
| | | १६ देखि ३० दिन सम्मको | १0000.00 | |

## अनुसूची – ८
(ऐनको दफा १० सँग सम्बन्धित)

### बहाल विटौरी शुल्क

| क्र.सं. | विवरण | | कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | हाटबजार | प्रति स्टल/ बार्षिक | १000.00 | भइसकेपछि |
| २. | पसल | प्रति पसल/बार्षिक | १000.00 | भइसकेपछि |

## अनुसूची – ९
(ऐनको दफा ११ सँग सम्बन्धित)

### पार्किङ्ग शुल्क

| क्र.सं. | सवारी किसिम | प्रति दिन शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | १0.00 | पार्किङ्गस्थल व्यवस्थापन पछी |
| २ | कार,जीप | २0.00 | |
| ३ | बस ट्रक | ५0.00 | |
| ४ | ट्र्याक्टर | ४0.00 | |

## अनुसूची – १०
(ऐनको दफा १३ सँग सम्बन्धित)

## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | | शुल्क, दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| १. | घरजग्गा नामसारी सिफारीस | | ५००.०० | |
| २. | घर कायम सिफारीस | पक्की घर | २००.०० | |
| | | कच्ची घर | १००.०० | |
| ३. | सरजमिन सिफारीस दस्तुर | | २००.०० | |
| ४. | छात्रवृति सिफारीस | | निःशुल्क | |
| ५. | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निःशुल्क | |
| ६. | अपाङ्गता भएको सिफारीस | | निःशुल्क | |
| ७. | अस्थाइ बसोबास सिफारीस | | २००.०० | |
| ८. | स्थायी बसोबास सिफारीस | | २००.०० | |
| ९. | नागरिकता सिफारीस र प्रतिलिपि | वंशज | १००.००/२००.०० | |
| | | अंगिकृत | ५००.०० | |
| १०. | विद्युत जडान सिफारीस | | २००.०० | |
| ११. | धारा जडान सिफारीस | | २००.०० | |
| १२. | जीवित रहेको सिफारीस | | २००.०० | |
| १३. | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००.०० | |
| १४. | व्यवसाय बन्द सिफारीस | | १००.०० | |
| १५. | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००.०० | |
| १६. | व्यापार व्यवसाय नभएको सिफारीस | | १००.०० | |
| १७. | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | |
| १८. | नाबालक परिचयपत्र सिफारीस | | १००.०० | |
| १९. | चौपाया सम्बन्धी सिफारीस | | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २०. | व्यवसाय दर्ता सिफारीस | | ५००.०० | |
| २१. | संघ संस्थाहरु दर्ता सिफारिस | | ५००.०० | |
| २२. | उद्योग ठाउँसारी सिफारीस | | ३०००.०० | |
| २३. | विद्यालय ठाउँसारी सिफारीस | | १०००.०० | |
| २४. | आन्तरिक बसाइसराइ सिफारीस | | २००.०० | |
| २५. | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १०००.०० | |
| २६. | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००.०० | |
| २७. | जग्गा दर्ता सिफारीस | | २००.०० | |
| २८. | संरक्षक सिफारीस व्यक्तिगत | | १००.०० | |
| २९. | संरक्षक सिफारीस संस्थागत | | १००.०० | |
| ३०. | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १५०.०० | |
| ३१. | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निःशुल्क | |
| | | सशुल्क उपचारको लागि | निःशुल्क | |
| ३२. | अपुताली सिफारिस | | २००.०० | |
| ३३. | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २००.०० | |
| ३४. | जीवित सँगको नाता प्रमाणित | | १००.०० | |
| ३५. | मृतकसँगको नाता प्रमाणित | | २००.०० | |
| ३६. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | १५००.०० | |
| ३७. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| ३८. | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | २०० | |
| ३९. | चारकिल्ला प्रमाणित | | २००.०० | |
| ४०. | संगोल प्रमाणित | | २००.०० | |
| ४१. | जन्ममिति प्रमाणित | | २००.०० | |
| ४२. | घर बाटो प्रमाणित | बाटो भएकोमा | ५००.०० | |
| | | बाटो नभएकोमा | २००.०० | |
| ४३. | विवाह प्रमाणित | | २००.०० | |
| ४४. | जन्म प्रमाणित | | २००.०० | |
| ४५. | मृत्यु प्रमाणित | | २००.०० | |
| ४६. | बसाइ सराइ प्रमाणित | | २००.०० | |
| ४७. | सम्बन्ध बिच्छेद प्रमाणित | | २००.०० | |
| ४८. | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००.०० | |
| ४९. | हकवाला वा हकदार प्रमाणित | | २००.०० | |
| ५०. | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५००.०० | |
| | | कच्ची | २००.०० | |
| ५१. | अविवाहित प्रमाणित | | १००.०० | |
| ५२. | तलब भत्ता | प्रमाणित | २००.०० | |
| ५३. | अन्य सिफारीस वा प्रमाणित | सिफारिस<br>प्रमाणित | १००.००<br>२००.०० | |
| ५४. | अङ्ग्रेजी सिफारिस वा प्रमाणित | सिफारिस/प्रमाणित | ४००.०० | |
| ५५. | आय प्रतिलाख | प्रमाणित | ०.२५ प्रतिशत | |
| ५६. | अंशवण्डा सिफारिस | सिफारिस | ५००.०० | |
| ५७ | पशु चौपाया ओसार पोसार प्रति गोटा | | ३०० | |
| **व्यवसाय दर्ता तथा नविकरण** | | | | |
| **क.स** | **विवरण** | | **व्यवसाय दर्ता** | **व्यवसाय नविकरण** |
| ५८ | मदिरा पसल | थोक | २५००० | ११००० |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | १५००० | ७००० |
| ५९ | औषधी पसल /स्वास्थ्य सेवा | थोक | ८००० | ३००० |
| | | खुद्रा | ५००० | १५०० |
| ६० | आयुर्वेदिक औषधी पसल | | ५००० | १५०० |
| ६१ | हार्डवेयर/मेसिनरी/ स्यानिटरी/मार्बल पसल | | ५००० | ५०० |
| ६२ | व्यवसाय पुँजीको आधारमा | १० लाख सम्मको व्यवसाय/फर्म | १५०० | २०० |
| | | १० लाख देखि ५० लाख सम्म | ३००० | ५०० |
| | | ५० लाख देखि १ करोड सम्म | ५००० | १००० |
| | | १ करोड भन्दा माथि | १०००० | २००० |
| | | **होटल लज रेष्टुरेन्ट** | | |
| ६३ | होटल तथा रेष्टुरेन्ट | होटल र लज | ३५०० | १५०० |
| | | खाना, खाजा-नास्ता पसल (मदिरा रहित) | २५०० | १००० |
| ६४ | सञ्चार | एफ.एम. रेडियो | १०००० | १००० |
| ६५ | वित्तीय | लघु वित्त | ५००० | ३००० |
| | | मनी ट्रान्सफर | २५०० | १००० |
| | | वित्तीय/ वचत/ऋण सहकारी संस्था | ५००० | १५०० |
| ६६ | शिक्षा | मावि | ५००० | १५०० |
| | | आधारभूत | ३००० | १००० |
| | | कम्प्युटर ट्रेनिङ सेन्टर/नृत्यकला सिकाइ केन्द्र/ ट्युशन सेन्टर | ३००० | १००० |
| ६७ | गैर सरकारी संस्थाहरु | कृषक समुह | ३००० | १५०० |
| | | युवा क्लव/स्पोर्ट क्लब | ३००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| | | महिला समुह/आमा समुह | २००० | १००० |
| | | अन्य गैर सरकारी संघ संस्थाहरु | ५००० | २००० |
| ६८ | निर्माण व्यवसायी इजाजत पत्र | | १०००० | ५००० |
| **पशुपन्छी उपचार सेवा शुल्क** | | | | |
| ६९ | गाई, भैसी | प्रति पशु | १०.० | |
| ७० | कुखुरा हाँस र अन्य पन्छी | प्रति पशु | ५.० | |
| ७१ | भेडा, बाख्रा, बंगुर र खरायो | प्रति पशु | ५.० | |
| ७२ | कुकुर तथा विरालो | प्रति पशु | २५.० | |
| ७३ | हात्ती, घोडा र बाँदर | प्रति पशु | ५०.० | |
| ७४ | अन्य वन्यजन्तु | प्रति पशु | ५०.० | |
| **सार्वजनिक सम्पति प्रयोग गरे बाफत सेवा शुल्क** | | | | |
| ७५ | भुईतला हल भाडा | प्रति दिन | १०००.०० | |
| ७६ | दोस्रो तला हल भाडा गा.पा भित्र | प्रति दिन | २०००.०० | |
| ७७ | प्रोजेक्टर भाडा | प्रति दिन | ५००.०० | |
| ७८ | स्मार्ट बोर्ड भाडा | प्रति दिन | ५००.०० | |
| ७९ | हल भाडा वडा कार्यालय | प्रति दिन | १०००.०० | |
| ८० | ब्याक्होलोडर | प्रति घण्टा (तेल सहित) | ४५००.०० | |
| | | प्रति घण्टा (तेल बाहेक) | ३०००.०० | |
| ८१ | टाइपर/लेवल मेसिन | प्रति दिन | ५००.०० | |
| ८२ | जि.पि.एस, अल्टीमिटर, एबनि लेवल | प्रति दिन | ५००.०० | |
| | **दर्ता शुल्क** | | | |
| ८३ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ८४ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ८५ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ८६ | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ८७ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ८८ | दुर्गम सिफारिस | | १०० | |
| ८९ | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५ लाख भन्दा मुनि | | ५०० | |
| ९० | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५ लाख देखि १० लाख मुनि | | १००० | |
| ९१ | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु १० लाख देखि १५ लखा भन्दा मुनि | | १५०० | |
| ९२ | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु १५ लाख देखि ३० लखा भन्दा मुनि | | २००० | |
| ९३ | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ३० लाख देखि ५० लाख मुनि | | ३००० | |
| ९४ | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५० लाख भन्दा माथि | | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ९५ | घर नक्सा पास कर (प्रति बर्ग फिट)<br>क. भुइतला आवसिय<br>ख. भुइतला व्यवशायी<br>ग. द्रोस्रो तला आवसिय<br>घ. दोस्रो तला व्यवशायी<br>ङ. तेस्रो तला आवसिय<br>च. तेस्रो तला व्यवशायी | | ४<br>५<br>५<br>६<br>६<br>७ | |
| ९६ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००.०० | |
| **सूचीकृत दस्तुर** | | | | |
| ९७ | निर्माण व्यवसायी | | २०००.०० | |
| ९८ | परामर्श सेवा सम्बन्धि कार्य | | २०००.०० | |
| ९९ | मालसामान आपूर्ति कार्य | | १०००.०० | |
| १०० | सूचना प्रकाशन तथा प्रशारण कार्य | | १०००.०० | |
| १०१ | अन्य सेवा | | १०००.०० | |

## अनुसूची - ११
## (ऐनको दफा १४ सँग सम्बन्धित)
## पर्यटन शुल्क

| क्र.सं. | पर्यटक किसिम | शुल्क रु | कैफियत |
|---|---|---|---|
| १. | भारत | २५०.०० | |
| १. | सार्क भित्रका (भारत बाहेक) | ३००.०० | |
| २. | एसिया भित्रका | ३००.०० | |
| ३. | अन्य मुलुकका | ४००.०० | |

## अनुसूची - १२
### (ऐनको दफा १६ सँग सम्बन्धित)
### थलारा गाउँपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरहरुको विवरण तालिका:

| क.स | करको विवरण | कस्ले तिर्ने | काँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कै. |
|---|---|---|---|---|---|---|
| १. | घर जग्गा कर/ सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त भित्र | |
| २. | घर बहाल कर | घर धनीले वा सम्झौता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ३. | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त सम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र | |
| ५ | सवारी कर | सवारी धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | दर्ता /नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म/ सोही दिन | |
| ७ | वहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म/ सोही दिन | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | विज्ञापन राख्नु पूर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाँउ कार्यपालिकाको कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | पार्किङ शुल्क | पार्किङ गर्नेले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | पार्किङ हुँदा | |

आज्ञाले,
प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत